# कालिकामाई गाउँपालिका

## स्वयम सेवक शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधी २०८०

कालिकामाई गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याका आधारमा नेपाल सरकारबाट उपलब्ध गराईएको विषयगत दरबन्दी कम भएका, प्रतिकक्षा कम्तीमा एक दरबन्दी नभएका र विद्यालयमा कार्यरत शिक्षकलाई बिदामा बसेको अवस्थामा पठनपाठन सुचारु गर्न, शिक्षण सहयोग अनुदानबाट **कालिकामाई गाउँपालिकामा** रहेका शिक्षित बेरोजगार युवाहरुलाई रोजगारीको अवसर समेत उपलब्ध गराउन स्वयंसेवक शिक्षक व्यवस्थापन गर्न कालिकामाई गाउँपालिका **स्वयंसेवक शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधी २०८० बनाईएको हो ।**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम " स्वयंसेवक शिक्षक **तथा कर्मचारी** व्यवस्थापन कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा-** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्याविधिमा

(१) "सामुदायिक विद्यालय" भन्नाले कालिकामाई गाउँपालिका भित्र सरकारी अनुदान पाउने गरी संचालित विद्यालय सम्झनु पर्दछ ।

(२) "गाउँपालिका" भन्नाले कालिकामाई गाउँपालिका सम्झनु पर्दछ ।

(३) "शिक्षक दरबन्दी" भन्नाले सामुदायिक विद्यालयमा उपलब्ध गराइएका शिक्षक दरबन्दी, राहत अनुदान कोटा शिक्षण सहयोग अनुदान कोटा सम्झनु पर्दछ ।

(४) "गाउँ शिक्षा समिति" भन्नाले कालिकामाई गाउँपालिकाको शिक्षा समिति सम्झनु पर्दछ ।

(५) "सवयंसेवक शिक्षक" भन्नाले यस कार्यविधि बमोजिम छनौट भई सामुदायिक विद्यालयमा नियुक्ति हुने १८-४० वर्ष उमेरका स्वयंसेवक शिक्षकलाई सम्झनु पर्दछ ।

(६) "गाउँ सभा" भन्नाले कालिकामाई गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(७) "शिक्षाशाखा" भन्नाल कालिकामाई गाउँपालिका शैक्षिक प्रशासन शाखा सम्झनु पर्दछ ।

(८) "कार्यपालिका" भन्नाले कालिकामाई गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

**३. स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराउने आधारहरु :**

(१) स्वयंसेवक शिक्षक निम्न आधारमा उपलब्ध गराइनेछ :

(क) शिक्षक विद्यार्थी अनुपात बढी भएको विद्यालय

(ख) कक्षागत शिक्षक दरबन्दी नभएको विद्यालय,

(ग) नियमानुसार शिक्षक लामो बिदा बसेको विद्यालय

(२) हरेक आर्थिक वर्षका लागि गाउँ सभाले स्वयंसेवक शिक्षकका लागि छुट्याईएको बजेटका आधारमा गाउँ शिक्षा समितिले हरेक वर्षका लाीग स्वयंसेवक शिक्षक कोटा निर्धारण गर्ने छ ।

CamScanner

(३) उपदफा (२) बमोजिम कोटा निर्धारण गर्दा उपदफा (१) को खण्ड (क), (ख) र (ग) का लागि छुट्टाछुट्टै कोटा निर्धारण गर्न सकिनेछ ।

(४) योग्यता : (१) स्वयंसेवक शिक्षकमा उम्मेदवार हुन देहाय बमोजिम न्युनतम योग्यता आवश्यक पर्नेछ ।

**(क) आधारभुत तह (१-५) का लागि प्रविणता प्रमाण पत्र वा सो सरह उतिर्ण ।**

(ख) आधारभूत तह (६-८) का लागि सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र वा सो सरह उतिर्ण ।

(ग) माध्यमिक तह (९-१०) का लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उतिर्ण ।

**(घ) माध्यमिक तह (९-१२) का लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण ।**

(ङ)१८ वर्ष उमेर पुरा भई ४० ननाघेको ।

(५)प्रचलित नेपाल कानूनले शिक्षकका लागि तोकेका योग्यता पुरा गरेको हुनु पर्नेछ तर स्वयंसेवक शिक्षकका लागि शिक्षक अध्यापन अनुमति पत्र र तालिम अनिवार्य हुनेछ ।

४. **स्वयंसेवक शिक्षकको विषय** : (१) स्वयंसेवक शिक्षक अंग्रेजी माध्यमबाट अध्ययन गराइने विषयहरुको लागि आवश्यक्ता बमोजिम खटाइने छ ।

(२) उपदफा (१) मा उल्लेखित विषय बाहेक अन्य विषयमा स्वयंसेवक शिक्षक नियुक्ति गर्न **गाउँपालिकाले** पदपूर्ती गर्ने छ ।

(३) उपदफा (१),(२) मा जेसुकै लेखिएको भएतापनि लामोविदा बसेको शिक्षकको सट्टामा नियुक्त सवयंसेवक शिक्षक विद्यालयको आवश्यक्ता अनुसारको विषयमा नियुक्ति हुनेछ ।

५. **विज्ञापन** - (१) कालिकामाई गाउँपालिकाले स्वयंसेवक शिक्षकको लागि विज्ञापन आव्हान गर्नेछ ।

(२) उमेदवारले निम्न कागजात सहित तोकिएको म्यादभित्र अनुसूची (१) बमोजिमको ढाँचामा **कालिकामाई** गाउँपालिकामा निवेदन दिनु पर्ने छ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
(ग) तोकिएको दस्तुर तिरेको रसिद ।
(घ) स्थायी बसोबास प्रमाणपत्र ।

६. **छनौट प्रकिया** : (१) यस **कार्यविधीमा सामान्य,लिखित परिक्षा र** शैक्षिक योग्यता अन्तरवार्ता **(आवश्यक परेमा** कक्षा अवलोकन**)**बाट समेत उच्चतम्अंक प्राप्त गर्ने उम्मेदवारको सूची **गाउँपालिकाले** तयार गर्नेछ ।

(२) स्वयंसेवक शिक्षकको **अन्तर्वाता सम्बन्धी मुल्याङकन प्रक्रिया** अनुसूची (२) बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारले ५ (पाँच) दिन भित्र **यस पालिकाबाट सिफारिष पत्र** लिई **तोकिएको विद्यालयमा जानुपर्नेछ ।**

(४) उपदफा (२) बमोजिम हाजिर नभएमा बैकल्पिक उम्मेदवारलाई खटाइने छ ।

(५) स्वयंसेवक शिक्षकको करार सम्झौता अनुसूची (३) बमोजिम हुनेछ ।

CamScanner

**७. छनौट सम्बन्धि विशेष व्यवस्था**-(१) कालिकामाई गाउँपालिकाले यस कार्यविधिको दफा (३) बमोजिम विद्यालयहरुबाट आवश्यक विषयको विवरण संकलन गर्नुपर्नेछ ।

(२) विज्ञापन गर्दा **१०(दिन)** दिनको समय दिनु पर्नेछ ।

(३) **स्वयंसेवक** शिक्षक छनौटको लागि देहाय बमोजिमको छनौट समिति रहनेछ ।

**शिक्षा समिति संयोजक** -संयोजक

विषय विज्ञ मध्येबाट १ जना -सदस्य

**संयोजकले तोकेको एक जना सामुदायिक विद्यालयको** प्रधानाध्यापक मध्येबाट १ जना -सदस्य

**शिक्षा** शाखा प्रमुख -सदस्य सचिव

(४) यस दफा बमोजिम दरखास्त आव्हान गरेकोमा गाउँपालिकाले अन्तरवार्ताको लागि विषय विज्ञ समेत रहेको अन्तरवार्ता समिति गठन गर्नेछ ।

(५) यस दफा बमोजिम **आवश्यक परेमा** शिक्षक छनौट गर्दा कक्षा अवलोकनका लागि विषय विज्ञ समेत रहेको कक्षा अवलोकन समिति गठन गर्न सक्नेछ ।

(६) उपदफा (६) बमोजिम तयार भएको सूचीबाट दरबन्दी उपलब्ध गराएका विद्यालयहरुमा योग्यताक्रमका आधारमा गाउँपालिकाले नियुक्तिका लागि सिफारिस गर्ने छ ।

(७) उपदफा (७) बमोजिम सिफारिस भएका उम्मेदवारलाई सम्बन्धित विद्यालयले करार सम्झौता गरी करार नियुक्ति गर्नेछ ।

८. **स्वयंसेवक शिक्षकको काम, कर्तव्य** : (१) स्वयंसेवक शिक्षकको काम, कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) प्रशासनिक रुपमा विद्यालय व्यवस्थापन समिति र विद्यालयका प्रधानाध्यापक प्रति उत्तरदायी हुने र शैक्षिक रुपमा प्रधानाध्यापक प्रति उतरदायी हुने ।

(ख) विद्यालयद्वारा तोकिएको विषय र कक्षा अध्यापन गर्नु गराउनु ।

(ग) विद्यालयको शैक्षिक वातावरण सुधारमा सहयोग गर्नु ।

(घ) विद्यार्थीलाई सम्मानजनक र भेदभाव रहित व्यवहार गर्ने ।

(ङ) राजनैतिक व्यवहार प्रकट नगर्ने र राजनैतिक आस्थाका व्यवहार नगर्ने ।

(च) राष्ट्रियता, राष्ट्रिय एकता सामाजिम सदभाव प्रतिकुल प्रभाव पार्ने अभिव्यक्ति दिन र क्रियाकलाप गर्न नहुने ।

(छ) प्रचलित ऐन, नियमले शिक्षकका लागि तोकेका आचार संहिता पालना गर्ने ।

९. **पारिश्रमिक** : (१) यस कार्यविधि बमोजिम नियुक्ति हुने स्वयंसेवक शिक्षकले **तपसिल बमोजिमको पारिश्रमिक** पाउनेछ ।

| | |
|---|---|
| १. माध्यमिक तह(९-१२ ) | रु. २२,००० (बाइस हजार मात्र) |
| २. माध्यमिक तह (९-१०) | रु. २०,००० (बिस हजार मात्र) |
| ३. आधारभुत तह ( ६-८) | रु. १८,५०० (अठ्ठार हजार पाच सय) |
| ४. आधारभुत तह (१-५ ) | रु १७,५०० ( सत्र हजार पाच सय मात्र) |
| ५. का.स. | रु १५,००० ( पन्ध्र हजार मात्र ) |

६. लेखापाल रु १७,५०० (सत्र हजार पाच सय मात्र)

(२) गाउँपालिकाले स्वयंसेवक शिक्षकको पारिश्रमिकमा समय समयमा परिवर्तन गर्न सक्नेछ ।

**१०.परिक्षण अवधि** :करार नियुक्त भएका स्वयंसेवक शिक्षकको परिक्षण अवधि एक महिनाको हुनेछ र सो अवधिमा निजको कार्य संतोषजनक नदेखिएमा करार भंग गरी बैकल्पिक उम्मेदवारलाई करार नियुक्ति दिइनेछ ।

**११. विदा** : स्वयंसेवक शिक्षकले अन्य शिक्षकले पाए सरह भैपरी र पर्व विदा तथा सुत्केरी विदा मात्र पाउने छ ।

**१२. स्वयंसेवक शिक्षकको आवकाश** : स्यवंसेवक शिक्षकको अनुदान कोटा एक आर्थिक वर्षका लागि हुनेछ । अर्को आर्थिक वर्षका लागि स्वयंसेवक शिक्षकको कोटा निरन्तर उपलब्ध नभएमा स्वयंसेवक शिक्षक स्वतःअवकाश हुनेछ ।

**१३. उजुरी** : (१) स्वयंसेवक शिक्षक दरबन्दी वितरण एवम् स्वयंसेवक शिक्षक नियुक्ति प्रक्रियामा चित्त नबुझेमा गाउँपालिकामा उजुरी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजुरीमा गाउँपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**१४. यस कार्यविधि बमोजिम हुने** - यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

## अनुसूची १
## आवदेन फारम

स्वयंसेवक शिक्षक हुन दिइने निवेदनको ढाँचा

श्री शिक्षा शाखा प्रमुख ज्यू,
गाउँ कार्यपालिकांको कार्यालय
गाउँपालिका, हरिहरपुरविर्ता, पर्सा ।

विषय :- स्वयंसेवक शिक्षकमा नियुक्ति पाउँ ।

उपर्युक्त सम्बन्धमा त्यस कार्यालयको मिति ............... मा प्रकाशित सूचना अनुसार म स्वयंसेवक शिक्षक पदमा नियुक्तिको लागि तोकेको शर्त र प्रकिया पालना गर्न मंजुर छु भनि आफूले प्राप्त गरेको शैक्षिक योग्यतको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि यसै निवेदन साथ संलग्न राखी निवेदन पेश गरेको छु ।

निवेदकको विवरण
१. निवेदकको नामथर -
२. बुवाको नाम -
३. आमाको नाम -
४. ठेगाना -
५. सम्पर्क फोन नं. -

६. शैक्षिक योग्यताको विवरण -

| क्र.स. | शैक्षिक योग्यता | उतिर्ण गरेको शै.स.को नाम | प्राप्ताङ्ग प्रतिशत/GPA | मुल विषय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

निवेदकको दस्तखत      मिति ...........................

## अनुसूची २
### छनौट प्रक्रिया

१. **अन्तर्बाताको लागि** शिक्षक छनौट प्रक्रिया

| (क) शैक्षिक योग्ता | प्रथम A· | द्वितीय A | तृतीय B· |
|---|---|---|---|
| - न्यूनतम शैक्षिक योग्यता वापत ३ अंक | ३ | २ | १ |
| - माथिल्लो योग्यता वापत २ अंक | २ | १ | |

- अन्तरवार्ता - १५ अंक
- स्थानीयता - १ अंक (कालिकामाई गाउँपालिकाको स्थायी बसोबास भएको नागरीक)

नोट -

१. अन्तरवार्तामा ३५% प्रतिशत भन्दा कम र ७०% प्रतिशत भन्दाबढी अंक दिनु परेमा कारण जनाउनु पर्नेछ ।

## अनुसूची ३
### करार सम्झौता फारम
### स्वयंसेवक शिक्षक करार सम्झौता

पर्सा जिल्ला कालिकामाई गाउँपालिका अन्तर्गतको ..................................... विद्यालयका लागि स्वयंसेवक शिक्षक करार गरी काम गराउने सम्वन्धमा शिक्षाशाखा कालिकामाई गाउँपालिका (यसपछि प्रथम पक्ष भनिने छ) । .............................. जिल्ला ............................ वडा नं. ................ बस्ने श्री ...................................... को छोरा/छोरी ...................................... । (जसलाई यस पछिको दोस्रो पक्ष भनिने छ) का बीच २०........../......../........... गते सम्पन्न करार सम्झौता ।

१. दोस्रो पक्षले प्रचलित शिक्षा ऐन र नियमावली तथा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०८० अनुसार स्वयंसेवक शिक्षकको रुपमा काम गरी शिक्षक आचार संहिता पूर्णरुपमा पालना गर्ने ।

२. दोस्रो पक्षले विद्यालय प्रशासनले तोके बमोजिमको विषय र कक्षाहरुमा अध्यापन गर्नुपर्ने र आफूले अध्यापन गर्ने कक्षा र विषयको नतिजा तथा औषत उपलब्धिप्रति पूर्णरुपमा जवाफदेही रहने ।

CamScanner

३.  दोस्रो पक्षले विद्यालय संचालन हुने समयमा अनिवार्य रुपमा उपस्थित रहेन  र आवश्यकता अनुसार थप समय  पनि प्रधानाध्यापकको निर्देशन अनुसार काम गर्नुपर्ने ।

४.  दोस्रो पक्षले विद्यालयले संचालन गर्ने सबै क्रियाकलापमा सक्रिय सहभागीता जनाउने ।

५.  दोस्रो पक्षले विद्यालयको हितको लागि प्रधानाध्यापकको निर्देशनमा अन्य कार्यहरु गर्ने र विद्यालयका प्र.अ. र  वि.व्य.स. प्रति जवाफदेही हुने ।

६.  प्रथम पक्षले  **कालिकामाई गाउँपालिका** स्वयंसेवक शिक्षक र **कर्मचारी** व्यवस्थापन कार्यविधि २०८० ले तोकेको सेवा सुविधा उपलब्ध गराउने ।

७.  स्वयंसेवक शिक्षक र **कर्मचारी** व्यवस्थापन कार्यविधि २०८० अनुसार कार्य सम्पादन नभएको वा आचार संहिता पालना  नभएको पाइएमा प्रथम पक्षले आवश्यक सफाइको मौका दिई जुनसुकै बेला स्वयंसेवक शिक्षकबाट हटाउने  सक्नेछ ।

८.  यो करार सम्झौता मिति ..................... गतेबाट मिति ..................... सम्म लागु हुनेछ ।

मिति - २०....../........./..........